# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) विराटनगर, नेपाल, आषाढ ३० गते, २०७७ साल (अतिरिक्ताङ्क ९

## भाग २

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

**प्रदेश रेडियो, एफ. एम. र टेलिभिजन प्रशारण सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७७**

प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रशारण सम्बन्धी नियमावली, २०७६ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रशारण सम्बन्धी ऐन, २०७५ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. १, प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।



१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रशारण सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रशारण सम्बन्धी नियमावली, २०७६ को नियम ८ मा संशोधनः** प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रशारण सम्बन्धी नियमावली, २०७६ को नियम ८ को उपनियम (१४) पछि देहायको उपनियम (१५)र (१६) थपिएको छः-

"(१५) यो नियमको विभिन्न उपनियममा प्रत्येक वर्षको आषाढ मसान्तभित्र आगामी आर्थिक बर्षको लागि नवीकरण गराई सक्नु पर्नेछ भन्ने व्यवस्था रहे तापनि आर्थिक बर्ष २०७७/०७८ को हकमा २०७७ साल पौष मसान्त भित्रमा नवीकरण गर्न सकिनेछ र त्यस्तो अवधि भित्र यो नियम बमोजिमका कागजात लिई नवीकरण गर्न आएमा कुनै थप जरिवाना वा दस्तुर लाग्ने छैन ।

(१६) उपनियम (३), (४),(५),(६),(७) र (८) मा प्रत्येक आर्थिक बर्षको आषाढ महिना पछिको महिनाको क्रमशः गणना गरिने भए तापनि २०७७ साल आषाढ महिना पछिको हकमा २०७७ साल पौष महिना पछिका महिना सोही अनुसार क्रमश: गणना गरिनेछ।"

**स्वीकृत मितिः- २०७७/०३/३०**

**आज्ञाले,**
**हरिप्रसाद मैनाली**
**प्रदेश सरकारको सचिव**



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
website:- moial.p1.gov.np